**National Co-operative Federation of Nepal Ltd.**
Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu

**राष्ट्रिय सहकारी संघ लि. नेपाल**
पूल्चोक, ललितपुर
पो.ब.नं. ११८५९, काठमाडौं
नेपाल

Tel: 977-1-5010116, 5010033
Fax: 977-1-5010075
E-mail: ncf@wlink.com.np
ncf@nepal.coop
Website: www.ncfnepal.com.np

International Co-operative Alliance

# प्रेस विज्ञप्ति

## प्राकृतिक प्रकोप पिडितहरूको राहत एवं सहयोगको लागि विशेष अनुरोध ।

केही दिनदेखि मुलुकमा परेको अविरल वर्षाका कारण पहाडी क्षेत्रमा पहिरो तथा तराईका भू–भागहरूमा वाढीका कारण डुवान, कटानमा परी धेरै धनजनको क्षति भएको व्यहोरा सवैलाई विदितै छ । यस प्राकृतिक प्रकोपबाट कतिपय परिवारले आफ्ना सदस्य गुमाई अपुरणीय क्षति व्यहोर्नु परेको तथा डुवान र कटानले आफ्नो सर्वस्व गुमाउनु परेकोमा मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनहरूमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने समवेदना दिन चाहान्छौं । मुलुकका विभिन्न भागमा गएको वाढी पहिरोमा सहकारी अभियानमा क्रियाशिल सहकारीकर्मीहरू समेत परेको जानकारी प्राप्त हुँदा हामी थप मर्माहत भएका छौं ।

यसर्थ, पिडितहरूको राहत एवं सहयोगका लागि सहकारी क्षेत्रबाट सामूहिक रूपमा सहयोग पुऱ्याउने उद्देश्यका साथ राष्ट्रिय सहकारी संघका अध्यक्ष श्री केशव प्रसाद वडालको अध्यक्षतामा संघका संचालक तथा लेखा समिति लगायत केन्द्रीय सहकारी संघका अध्यक्ष एवं प्रतिनिधिहरूको संयुक्त वैठक वसी **सहकारी दैवी प्रकोप उद्धार कोष**का उल्लेखित खाताहरूमा सवै विषयगत केन्द्रीय संघहरू, राष्ट्रिय सहकारी बैंक, जिल्ला स्तरीय संघहरू तथा सम्पूर्ण प्रारम्भिक सहकारी संस्थाहरू लगायत सहकारीकर्मीहरूलाई यथासक्य रकम संकलन गरी पठाउन हुन हार्दिक आव्हान गरेको छ ।

सो रकमलाई सम्वन्धित निकायहरूमार्फत पिडित जनसमुदायहरूसम्म पुऱ्याइने व्यवस्था मिलाइने व्यहोरा जानकारी गराउँदै यस पूनित कार्यलाई अग्रगति दिन यसै विज्ञप्ति मार्फत पूनः सम्पूर्ण सहकारी संघ/संस्थाहरू, सहकारीकर्मीहरू तथा अन्य इच्छुक संघ/संस्था एवं व्यक्तिहरूमा समेत सहयोगको लागि हार्दिक अपिल गर्न चाहान्छौं ।

**सहकारी दैवी प्रकोप उद्धार कोषका खाताहरूः**
राष्ट्रिय सहकारी बैंक लि. नयाँ बानेश्वर स्थित खाता नं. १३–००२४२–९,
राष्ट्रिय वाणिज्य बैंक, नयाँ बानेश्वर स्थित खाता नं. १४२००–३४३५१–१०
नेपाल बैंक, भूगोलपार्क, काठमाडौं स्थित खाता नं. ०००२–११–००६२६९५

मितिः २०७१ भाद्र ९ गते सोमवार

..........................
केशव प्रसाद वडाल
अध्यक्ष